annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २४, अंक २२४, पृष्ठ ८ | काठमाडौं, सोमबार ७ पुस २०८२ | पौष शुक्लपक्ष द्वितीया, नेपाल संवत् ११४६ | MONDAY, DECEMBER 22, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# २० दिनमा सम्भव होला कांग्रेस महाधिवेशन ?




कांग्रेसको १५औं महाधिवेशन पुस २६ देखि २८ गते गर्ने घोषणा गरिएको छ । तर, क्रियाशील सदस्यताको लफडा सकिएको छैन । वडादेखि क्षेत्र हुँदै जिल्ला अधिवेशन बाँकी नै छन् । त्यसैकारण २० दिनभित्र कांग्रेसलाई महाधिवेशन गर्न निकै चुनौती देखिएको छ ।

समाचार पृष्ठ २

**राधा खनाल** | *काठमाडौं*

– को रिपोर्ट

## मधेसको सभामुखमा जसपाका यादव



**गोविन्द महतो** | *जनकपुरधाम*

मधेस प्रदेशसभाको सभामुखमा जनता समाजवादी पार्टी नेपालका सांसद रामअशिष यादव निर्वाचित भएका छन्। आइतबार मधेस प्रदेशसभामा भएको निर्वाचनबाट यादव सभामुखमा निर्वाचित भएका हुन्। प्रदेशसभा कार्य सञ्चालन नियमावलीअनुसार यादवलाई सभामुखमा निर्वाचन गरियोस् भन्ने प्रस्ताव पेस गरिएको थियो। यादवको पक्षमा ७२ मत परेको थियो। उक्त प्रस्तावको विपक्षमा २४ मत परेको थियो। ९६ जना सांसदले भाग लिएको निर्वाचनबाट यादवको पक्षमा बहुमत (७२ मत) परेको भन्दै उपसभामुख बबिता राउत ईशले निर्वाचित भएको घोषणा गरिन्।

जसपाका यादवलाई सत्ता साझेदार कांग्रेस, जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टीले मत दिएका थिए। यादव धनुषा क्षेत्र २ (ख) बाट निर्वाचित सांसद हुन्। सभामुखमा नेकपा एमालेबाट त्रिलोकीप्रसाद चौधरीको पनि उम्मेदवारी परेको थियो। उनलाई एमाले, राप्रपा र नेपाल संघीय समाजवादी पार्टीका सांसदको समर्थन थियो। तर, जसपाका यादवलाई सभामुख बनाउन राखिएको पहिलो प्रस्तावमा नै बहुमत पुगेपछि दोस्रो प्रस्तावमाथि छलफल र मतदान भएन। निवर्तमान सभामुख रामचन्द्र मण्डललाई पदअनुकूल आचरण नगरेको भन्दै पदबाट हटाइएपछि मधेसमा सभामुख पद रिक्त थियो।


१ सय ७ सदस्यीय मधेस प्रदेशसभामा एमालेका २५, नेपाली कांग्रेसका २२, जनता समाजवादी पार्टी नेपालका १९, जनमत पार्टीका १३, माओवादी केन्द्रका ९, लोकतान्त्रिक समाजवादी पार्टी नेपालका ९, नेकपा एकीकृत समाजवादी पार्टीका ७ र नागरिक उन्मुक्ति पार्टी, नेपाल संघीय समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका एक/एक जना सांसद छन्। जसमा नेकपा एमाले, जनता समाजवादी पार्टी नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी नेपालका एक/एक जना सांसद निलम्बित छन्।

# आतंकवादविरुद्ध अस्ट्रेलियामा शक्तिशाली एकता प्रदर्शन

## १५ निर्दोष आत्माको सम्झनामा महादेश मौन

**जे पाण्डे** | *सिड्नी (अस्ट्रेलिया)*

साँझको ६ बजेर ४७ मिनेट भएको थियो। तीव्र गतिमा दौडिरहेको प्रमुख व्यापारिक सहर सिड्नी ठप्प रोकियो। अनि, राजधानी क्यानभरा पनि। संसद् भवन, प्रधानमन्त्रीको कार्यालय, सैनिक सँगै सबै सुरक्षा सरकारी निकायका मुख्यालयहरू ठप्प भए। विश्वको छैटौं ठूलो देशमा आतंकवादी हमलाबाट मारिएका १५ निर्दोषको स्मृतिमा राष्ट्रिय मौन त भयो नै, शोक व्यक्त गर्न सर्वत्र मैन बत्तीहरू बालिए। हरेकका शिर ६० सेकेन्ड निहुँरिए।



आइतबार साँझ यस्ता दृश्य सिड्नीदेखि ७ किलोमिटर पर्ने बोन्डाइको आर्चर पार्कसम्म देखिए। जहाँ आतंकवादी आक्रमणमा मारिएका १५ निर्दोष जनाको सम्झनामा राष्ट्रिय स्मरण दिवस मनाउन प्रधानमन्त्री एन्थोनी अल्वानीज, न्यूसाउथ वेल्समा मुख्यमन्त्री क्रिस मिन्स र विपक्षी नेतृ सुसान सँगै ठूलो संख्यामा मानिसहरूको सहभागिता रहेको थियो। आक्रमणका पीडितहरू प्रतिसम्मान अर्पण स्थल समुद्र तटमा सुरक्षाका लागि सशस्त्र प्रहरी तैनाथ गरिएको थियो। कुनै सुरक्षा खतराको संकेत थिएन।

'पभिलियन' मा फूलका गुच्छाहरू राखेर श्रद्धाञ्जलि अर्पण गर्दा धेरै जना भक्कानिएका थिए। बोन्डाइ तटीय क्षेत्रमा यहुदी समुदायको बाहुल्यता छ। प्रधानमन्त्री एन्थोनी अल्वानीजले सरकार सँगै पूरै अस्ट्रेलियनहरू उनीहरूको पीडामा साथ दिन तयार भएको भन्दै त्रास मुक्त हुन आग्रह गरे। अल्वानिजले एकताको शक्तिशाली प्रदर्शन गर्न गरेको आग्रह लगत्तै अस्ट्रेलियनहरूले आतंकवादी हमलाको विरोध गर्दै यहुदी समुदायको साथमा रहेको सन्देश दिए।

समुद्री किनारको पार्कमा डिसेम्बर १४ को साँझ घातक आतंकवादी हमला भएको थियो। त्यसको एक साता पूरा भएको साँझ बोन्डाइ सँगै देशभर मैनबत्ती बाल्न र एक मिनेट मौन धारण गर्न प्रधानमन्त्रीले आग्रह गरेका थिए। जसको सबैले पालना गरेका छन्। प्रधानमन्त्री अल्बानेजीको आग्रह थियो, 'दैनिक जीवनको कोलाहलबाट अलग गरिएका ६० सेकेन्ड, हामीसँग हुनुपर्ने १५ अस्ट्रेलियालीहरूको सम्झनामा समर्पित गरेका छौं।' उनले उक्त क्षणलाई 'रोकिएर सोच्ने, र घृणा तथा हिंसाविरुद्ध एकता र प्रतिबद्धता दोहोर्‍याउने अवसर' भएको बताए।

बाँकी पृष्ठ ६

## साउदी अरेबियामा मृत्युदण्डको नयाँ रेकर्ड

**रियाद** (एजेन्सी) : साउदी अरेबियाले लगातार दोस्रो वर्ष वार्षिक मृत्युदण्डको संख्याको रेकर्डलाई पार गरेको छ। बेलायतमा आधारित अभियान समूह रिप्रिभका अनुसार सन् २०२४ मा कुल ३४५ जनालाई मृत्युदण्ड दिइएकोमा यस वर्ष बढेर कम्तीमा ३ सय ४७ जनालाई मृत्युदण्ड दिइएको छ।

संस्थाले अनुगमन सुरु गरेयता साउदीमा मृत्युदण्डको सबैभन्दा बढी रक्तपातपूर्ण वर्ष भएको जनाइएको छ। मृत्युदण्ड दिइएका पछिल्ला कैदीहरू लागुपदार्थसम्बन्धी अपराधमा दोषी ठहरिएका दुई पाकिस्तानी नागरिक पनि थिए। यस वर्ष मृत्युदण्ड दिइएका अन्य कैदीहरूमा एक पत्रकार र दुई जना युवा पनि छन्।

ती युवा कथित विरोधसम्बन्धी अपराधको आरोप लाग्दा बालबालिका थिए। अन्य पाँच महिला छन्। रिप्रिभका अनुसार यीमध्ये दुईतिहाइ गैरघातक लागूपदार्थसम्बन्धी अपराधमा दोषी ठहरिएका थिए। तीमध्ये आधाभन्दा बढी विदेशी नागरिक थिए जसलाई राज्यमा 'लागुऔषध विरुद्धको लडाइँ'को एक अंशको रूपमा मृत्युदण्ड दिइएको देखिन्छ।

# पोखरेल–पाण्डेहरूलाई एमालेमा कुन स्थान ?

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

एमालेको हालै सम्पन्न महाधिवेशनबाट अध्यक्ष केपी शर्मा ओलीकै बर्चश्व स्थापित भयो। १९ जना पदाधिकारीमा ईश्वर पोखरेल समूहका दुई जना मात्रै पदाधिकारीले मात्रै चुनाव जिते। ३ सय १ जनाको केन्द्रीय समितिमा पनि जम्मा १२ मात्रै पोखरेल समूहबाट निर्वाचित भए। निर्वाचन हारेपछि धेरै चर्चित नेता पनि पदाधिकारीबाट बाहिरिए। यति ठूलो पंक्ति नेतृत्वबाट बाहिरिँदा के गर्लान् ? भन्ने आंशका व्याप्त छ। उनीहरूलाई पार्टीले के जिम्मेवारी दिन्छ ? भन्ने प्रश्न पनि उब्जिएको छ।

अध्यक्ष पछिको शक्तिशाली पद महासचिवमा शंकर पोखरेलसँग सुरेन्द्र पाण्डे पराजित भए। निवर्तमान वरिष्ठ उपाध्यक्ष पोखरेल केन्द्रीय सदस्यमा निर्वाचित भए पनि पाण्डे भने केन्द्रीय सदस्यमा पनि पराजित भए। त्यस्तै, उपाध्यक्ष नै लडेका गुरु बराल, परशुराम मेघी गुरुङ, अरुण नेपाल, टंकप्रसाद कार्की पनि केन्द्रीय सदस्यमा पराजित भए। त्यस्तै, ओलीका विश्वास पात्र विष्णु रिमाल पनि उपमहासचिवसहित केन्द्रीय सदस्यमा पनि पराजित भए।





पोखरेल पक्षबाट उपमहासचिव हारेका आनन्दप्रसाद पोखरेल, बैजनाथ चौधरी, सचिवमा पराजित गोकुल बास्कोटा, इन्द्रलाल सापकोटा, ठाकुर गैरे, विनोद ढकाल, कर्णबहादुर थापा, कृष्णगोपाल श्रेष्ठ, अग्निप्रसाद खरेल, पुरुषोत्तम पौडेलका लगायतको स्थान के हुने भन्ने प्रश्न पनि टड्कारो देखिएको छ। दुवै प्यानलमा नपरेका लालबाबु पण्डितलगायतका केही नेता पनि पदाधिकारीमा अटेनन।

अध्यक्षमा हारेका पोखरेलले पार्टी नछोड्ने प्रतिबद्धता जनाइसकेका छन्। चुनावी परिणामपछि पोखरेल पक्षधरले छुट्टै भेला पनि गरिसकेको छ। उक्त भेलाले पार्टीभित्रै निरन्तर आन्तरिक संघर्ष गर्ने निश्कर्ष निकालेको छ। भेलाको निष्कर्ष छ, 'न विभाजन, न आत्मसमर्पण, पार्टीभित्र निरन्तर आन्तरिक संघर्ष।' महासचिवमा चुनाव हारेका पाण्डेले आफूलाई केन्द्रीय समितिमा पनि मनोनीत नगर्न आग्रह गरेका छन्। पोखरेल पक्षबाट उपमहासचिवमा विजयी भएका योगश भट्टराईले नेतृत्वसँग कुनै किसिमको बार्गेनिङ नगर्ने बताइसकेका छन्।

'पार्टीभित्र हामी कुनै अराजनीतिक बार्गेनिङ गर्दैनौं। तर, राजनीतिक मुद्दामा हामी सधैं पार्टीभित्रको आन्तरिक संघर्षमा सामेल हुन्छौं,' भट्टराईले भनेका छन्, 'यतिबेला विभाजन होइन, आत्मसमर्पण पनि होइन, निरन्तर संघर्ष हाम्रो लाइन हुनेछ।' यद्यपि, परिणाम लगत्तै छुट्टै भेला गर्नुले पोखरेल पक्षले पार्टी नेतृत्व अर्थात् ओलीसँग अन्तर संघर्ष निरन्तर जारी राख्ने देखिएको छ। तर, भेलाको विषयलाई लिएर संस्थापन पक्षले अनुशासनको डन्डा लगाउने जोखिम पनि उस्तै छ।

नवनिर्वाचित महासचिव पोखरेलले पनि हार्ने र जित्ने सबैलाई समेटेर जाने बताएका छन्।

तर, कसरी समेटेर जाने ? भन्ने स्पष्ट खाका ल्याइसकेका छैनन्। चुनावमा हारेका पोखरेल पक्षका नेताको व्यवस्थापन कहाँ र कसरी गर्ने ? हुने भन्ने बहस उठेको छ। नवनिर्वाचित पहिलो केन्द्रीय कमिटीको बैठकले भने हारेकाहरूलाई सल्लाहकार परिषद् गठन गरेर व्यवस्थापन गर्ने निर्णय गरेको छ। सल्लाहकार परिषद् भने नेता थन्क्याउने ठाउँको रूपमा हेरिन्छ।

महाधिवेशनमा पराजितलाई उचित जिम्मेवारी नदिँदा विगतमा पार्टी नै विभाजनको अवस्थामा पुगेको थियो। नवौं महाधिवेशनमा पराजित माधवकुमार नेपाल र १०औंमा पराजित भीम रावलसहित नेता हाल एमालेमा छैनन्। महाधिवेशनताका पनि पराजित भएका नेता कतै नेपाल र रावल त हुने होइनन् भन्ने चर्चा पनि व्यापक थियो।

पहिलो केन्द्रीय कमिटीको बैठकपछि महासचिव पोखरेलले केन्द्रीय कमिटीबाट बिदा भएका सदस्य र पदाधिकारी रहने केन्द्रीय सल्लाहकार परिषद् गठन गर्ने निर्णय भएको बताएका छन्। हारेकाहरूलाई उचित जिम्मेवारी दिएर पार्टी बचाउनुपर्ने आवाज कार्यकर्ता तहमा छ। विगतमा हारेको र जितेको समूहबीचमा अन्तर संघर्षदेखि विभाजनसम्मको अवस्थामा पार्टी पुगेको इतिहास छ।

आठौं महाधिवेशनमा ओली र झलनाथ खनालबीच प्रतिस्पर्धा भएको थियो। ०६५ फागुन ५ देखि १४ सम्म बुटवलमा भएको उक्त महाधिवेशनमा खनालसँग ओली १ सय १७ मतले पराजित भएका थिए। खनालले ९ सय १३ मत पाएका थिए भने ओलीले ७ सय ९६ मत पाएका थिए। त्यो महाधिवेशनमा ओलीले लामो समयदेखि उठाउँदै आएको पार्टी जीवनको लोकतान्त्रीकरणसम्बन्धी प्रस्तावलाई पारित गरी पार्टीलाई बहुपदीय सामूहिक नेतृत्वमा रूपान्तरण गरिएको थियो।

सातौं महाधिवेशनमा ओलीले यो प्रस्ताव ल्याएका थिए। तर, सातौंमा त्यो प्रस्ताव स्थगन गरिएको थियो। आफ्नो राजनीतिक प्रस्ताव पारित भए पनि ओली पराजित भए। तर, त्यो बेला ओली पदाधिकारीपछिको वरीयतामा थिए। नेपाल वरिष्ठ नेतासहित दोस्रो वरीयता क्रममा थिए। ओलीले त्यो बेला पराजित अध्यक्ष दोस्रो वरीयताक्रममा वरिष्ठ नेता बनाउनुपर्ने आवाज उठाएका थिए। त्यसकै विवादमा पार्टीभित्र ठूलो अन्तरसघर्ष भयो। नवौं महाधिवेशनको अगाडि पराजित अध्यक्षलाई वरिष्ठ नेता बनाउने प्रस्ताव तत्कालीन उपाध्यक्ष वामदेव गौतमले राखे। त्यो पारित भयो।

बाँकी पृष्ठ ३